म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष ११,  अंक ११३  बुधवार,  १५  मंसिर २०७८  द्वादशी  ने. सं. ११४२ कछलाथा  1 December, 2021  www.sajhakuranews.com  पृष्ठ संख्या ४  मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**निर्माण सामाग्री व्यवसायी संघ मकवानपुरको**

**साधारणसभा सम्बन्धी सूचना**

यस संघको ११ औं साधारणसभा एवम् छैठौं अधिवेशन निम्न मिति, समय र स्थानमा सम्पन्न हुन गइरहेको हुादा उक्त कार्यक्रममा हाम्रा सम्पूर्ण सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिको हार्दिक अनुरोध गर्दछौं ।

तपशिल:-

मिति: २०७८ मंसिर २५ गते शनिबार

समय: बिहान ९ बजे

स्थान: होटल लिडो इन, मेनरोड

सुदीप तिमाल्सिना

(कार्यवहाक सचिव)

## मानव सेवा आश्रमलाई सरकारबाट १४ करोड अनुदान

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा केन्द्रीय कार्यालय रही देशका सातै प्रदेशमा सेवा प्रदान गरिरहेको मानव सेवा आश्रमलाई सरकारी निकायबाट मात्र १४ करोड अनुदान प्राप्त भएको छ ।

आर्थिक वर्ष २०७७/०७८ भित्र आश्रमलाई संघीय सरकारदेखि स्थानीय तहसम्मले १४ करोड ५ लाख ७९ हजार ७ सय ४९ रुपैयाँ अनुदान दिएको छ । आश्रमले वार्षिक आयव्यय सार्वजनिक गर्दै सरकारी तहबाट मानव सेवाका लागि महत्वपूर्ण सहयोग प्राप्त भएको बताएको छ ।



मंगलबार हेटौंडा-९ मयुरधापस्थित आश्रमको कार्यालयमा पत्रकार सम्मेलनमार्फत हिसाब सार्वजनिक गर्दै आश्रमका पदाधिकारीहरु ।

आश्रम केन्द्रीय कार्यालय हेटौंडामा मंगलबार पत्रकार सम्मेलन गर्दै हजारदेखि करोड रुपैयाँसम्म सरकारबाट सहयोग लिएको जानकारी दिएको छ । संघीय सरकारले मात्रै आश्रमलाई ४ करोड ९२ लाख ४५ हजार ३ सय ७० रुपैयाँ अनुदान दिएको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले १ करोड ३ लाख ७४ हजार ३ सय ७० र मन्त्रालयकै पन्जिकरणले ३ करोड ८८ लाख ९८ हजार रुपैयाँ अनुदान दिएको आश्रमले जानकारी दिएको छ ।

२०८२ सालभित्र घर बार विहिन, बेसाहारा तथा जीवन नै जोखिममा रहेका मानवहरुरहित नेपाल निर्माण गर्ने उद्देश्य बोकेको आश्रमले देशका सातवटै प्रदेशका १७ जिल्लामा गर र २५ वटा सेवा केन्द्र सञ्चालन गरिरहेको आश्रकका अध्यक्ष रामजी अधिकारीले जानकारी दिए ।

२०६९ सालमा हेटौंडा-बाट सुरु आश्रमको अभियानले सहयोगापेक्षी मानवहरुको व्यवस्थापन गर्दै आइरहेका कारण खुला आकाश-मुनी रात बिताउन बाध्य सहयोगापेक्षी मानवहरुको व्यवस्थापनको आवश्यकतालाई मध्यनजर गरेर सरकार निकायबाट सहयोग प्राप्त भएको अधिकारी बताउँछन् ।

आश्रमलाई प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालयले गरी कुल ५ करोड ६७ लाख ३२ हजार ७ सय ४३ रुपैयाँ अनुदान दिएको जनाइएको छ । १ नम्बर प्रदेशको स्वास्थ्य निर्देशनालयले २९ लाख १५ हजार ५ सय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीले ८ लाख, बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले चन्दा स्वरुप ५८ लाख ५४ हजार ५ सय ८०, मन्त्रालयले अनुदान स्वरुप ४९ लाख २५ हजार रुपैयाँ उपलब्ध गराएको आश्रमले जानकारी दिएको छ ।

आश्रमका अनुसार गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले २ करोड ७९ लाख २३ हजार ६ सय ४५, १ नम्बर प्रदेशको सामाजिक विकास मन्त्रालयले ६८ लाख, ५ नम्बर प्रदेशको सामाजिक विकास मन्त्रालयले ७० लाख र सुदुर पश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले ४ लाख २ हजार ९ सय ७ रुपैयाँ अनुदान दिएको छ । सातै प्रदेशका करिब ५० वटा स्थानीय तहले आश्रमलाई ३ करोड ४६ लाख १ हजार ६ सय ३६ रुपैयाँ अनुदान दिएको प्रस्तुत आयव्ययमा उल्लेख छ ।

आश्रमलाई सरकारी अनुदानसहित निजी संघसंस्था र व्यक्तिबाट गरी कुल २३ करोड ९६ लाख ७९ हजार ३ सय ९५ रुपैयाँ गत आर्थिक वर्ष २०७७/०७८ मा आम्दानी भएको जनाइएको छ । निजी संघ संस्था र व्यक्तिबाट ९ करोड १२ लाख ८५ हजार ७ सय २३ रुपैयाँ सहयोग उपलब्ध भएको आश्रमका सञ्चालक अधिकारीले जानकारी दिएका छन् । अनुदान बाहेकका अन्य आयबाट आश्रमलाई ७८ लाख १३ हजार ९ सय २३ रुपैयाँ आम्दानी भएको आश्रमले जनाएको छ ।

आश्रमले विभिन्न शिर्षकमा गत आर्थिक वर्षभित्र १२ करोड ७८ लाख ५८ हजार १ सय ७४ रुपैयाँ खर्च भएको जनाएको छ । आश्रम सञ्चालनमा ६ करोड ४० लाख ४७ हजार ३ सय ६७, प्रशासनिक तथा व्यवस्थापकीयतर्फ २ करोड ७५ लाख २१ हजार २ सय ४१, कार्यक्रम गर्दा ६७ लाख ७१ हजार ५ सय ४५, कर्मचारी सुविधामा १ करोड ३६ लाख १० हजार ४ सय ७२, मर्मत तथा सम्भारमा २९ लाख २२ हजार १ सय २४ रुपैयाँ खर्च भएको जनाइएको छ । आश्रमले आर्थिक वर्ष २०७६/०७७ मा १० करोड ९२ लाख ३५ हजार २ सय ३९ रुपैयाँ आम्दानी भएको र ७ करोड ८५ लाख ५५ हजार ४ सय ८८ रुपैयाँ खर्च भएको जनाएको छ ।

आश्रमका सबै सेवा केन्द्रबाट हालसम्म ६ हजार २ सय ७५ जनाले सेवा लिएको आश्रकका अध्यक्ष अधिकारीले जानकारी दिए । आश्रित २ हजार ४ सय २५ जनाको परिवारिक पुर्नमिलन गरिसकेको जनाइएको छ । आश्रममा बसेर उपचार गराइसके पछि स्वेच्छाले १ हजार ६ सय ६७ जना गएको र आश्रमको संरक्षणमा रहँदा ६ सय ३४ जनाको निधन भएको तथ्यांक छ ।

आश्रममा आश्रित ३ सय ५४ जनालाई सामुदायिक पुर्नस्थापना गरिएको छ । देशभरका २५ सेवा केन्द्रमा हाल १ हजार ५ सय ६७ जना आश्रय लिइरहेको अध्यक्ष अधिकारीले बताए ।

आश्रमको केन्द्रीय कार्यालय हेटौंडाबाट भने हालसम्म १ हजार ३ सय ५५ जनाले सेवा लिइसकेका छन् ।

## माओवादी केन्द्र हेटौंडामा थापा, कैलाशमा मल्लको नेतृत्व चयन

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरका स्थानीय तहहरुमा नेकपा माओवादी केन्द्रको कमिटी चयन भइरहेको छ ।

स्थानीय तहहरुमा अधिवेशनसँगै नयाँ कमिटी चयनमा तीब्रता दिइएको माओवादी केन्द्रले नेतृत्वमा युवा वर्गलाई प्राथमिकता दिएको छ । हेटौंडा उपमहानगर कमिटीको अध्यक्षमा तीर्थबहादुर थापा मगर र कैलाश गाउँपालिकाको अध्यक्षमा बालकुमार मल्ल सर्वसम्मत चयन भएका छन् ।

सोमबार सम्पन्न पालिकास्तरीय अधिवेशनबाट निर्वाचित सदस्यहरुमध्येबाट पदाधिकारी चयन गर्ने क्रममा मगर सर्वसम्मत अध्यक्ष चयन भएका हुन् ।

मंगलबार हेटौंडा-४, गर्दोईस्थित पार्टी कार्यालयमा नगर कमिटीका नवनिर्वाचित सदस्यहरु मध्येबाट थापालाई सर्वसम्मत अध्यक्ष चयन गर्ने निर्णय भएको हो । हेटौंडा उपमहानगरमा ७२ सदस्यीय नगर कमिटी चयन भएको थियो । नगर कमिटीका सदस्यमध्येबाट पदाधिकारी





चयन गर्ने कार्य जारी छ ।

सोमबारनै भएको अधिवेशनले मल्लको अध्यक्षतामा ५५ सदस्यीय कैलाश गाउँपालिका कमिटी सर्वसम्मत चयन गरेको हो । कमिटीको उपाध्यक्षमा ठाकुरसिं थिङ र लाल सिं गुरुङ, सचिवमा कमल अर्याल, सह-सचिवमा रवीन्द्र थिङ र सुजाता फँयाल, कोषाध्यक्षमा सुनिता दोङ रहेका छन् । त्यस्तै, सदस्यहरुमा नमुना चेपाङ, तिलक मोक्तान, सितराम रुम्बा लगायत रहेका छन् ।

हेटौंडा उपमहानगर कमिटीमा कम्तिमा एकजना महिलासहित ३ जना उपाध्यक्ष, एकजना सचिव, एकजना सहसचिव चयनका लागि छलफल चलिरहेको मगरले जानकारी दिए । नगर कमिटीमा ९ जना सदस्य मनोनित गरी ८१ सदस्यीय नगर कमिटी गठन हुने व्यवस्था पार्टीको विधानमा रहेको अध्यक्ष मगरले बताए ।

कैलाश गाउँ कमिटीको कार्यक्रममा नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटी सदस्य बीर बहादुर घलान 'ज्वाला', जिल्ला सचिवालय सदस्य रेखा थापा मगर, जिल्ला समन्वय सदस्य नरेन्द्र रिजाल, निर्वाचन मण्डलका प्रमुख बाल चन्द्र मल्ल लगायतको आतिथ्यता रहेको थियो ।

गत मंसिर ११ गते नै थाहा नगरपालिकामा पनि ५९ सदस्यीय नगर कमिटी बनाइसकिएको तर, पदाधिकारी चयन गर्न बाँकी रहेको माओवादी केन्द्रका नेता कमानसिं पाखिन (पृथक)ले जानकारी दिए । माओवादी केन्द्रले यसअघि मकवानपुरका १०२ वटै वडाको अधिवेशन सम्पन्न गरिसकेको छ । माओवादीले पालिका निर्वाचनको लागि वडाबाट प्रतिनिधि चयन गरेको छ । गाउँपालिकाको हकमा १ सय ५०, नगरपालिकामा २ सय, उपमहानगरपालिकामा ३ सय र महानगरपालिकामा ४ सय जना प्रतिनिधि छनौट हुने व्यवस्था छ ।






साझाकुरा

## हाम्रो कुरा

# एड्सबाट सजकता आवश्यक

आज ३२ औं विश्व एड्स दिवस नेपालमा पनि मनाईंदैछ । प्रत्येक वर्ष डिसेम्बर १ तारिखका दिन विश्वभर मनाइने एड्स दिवस नेपालमा पनि विविध कार्यक्रम गरी मनाइँदै आएको पाइन्छ । संयुक्त राष्ट्रसंघको पहलमा सन् १९८८ देखि हरेक वर्ष दिन यो दिवस मनाउने गरिएको छ । विश्वमा एचआइभी संक्रमण पहिचान भएको ७ वर्षपछि नेपालमा आजभन्दा ३० वर्षअगाडि एचआइभी एड्सको संक्रमण फेला परेको थियो । सन् २०१७ को अन्त्यसम्ममा विश्वभर करिब ३ करोड ६९ लाख व्यक्तिहरुमा एचआइभी संक्रमण भएको अनुमान गरिएको छ । हाम्रो मुलुकमा करिब ३० हजार जनसंख्या एचआइभी संक्रमित छन् । एचआइभी संक्रमितमध्ये १९ हजार पुरुष र १२ हजार महिला छन् । एचआइभी एड्सको संक्रमणको मुख्य कारण असुरक्षित यौन सम्पर्क नै हो ।

नेपालमा करिब ७६ प्रतिशत एचआइभी संक्रमण असुरक्षित यौन सम्पर्कका माध्यमबाट सरेको पाइनुले पनि यसलाई पुष्टि गर्दछ । त्यसैले नेपालमा एचआइभी विरुद्ध जनचेतनामूलक पर्चा, पम्पलेटहरु तथा ऱ्यालीहरुमा कन्डमलाई बढी ठाउँ दिने गरिन्छ । एचआइभी संक्रमणको सबैभन्दा महत्वपूर्ण माध्यम खुल्ला यौनसम्पर्क नै हो । तर, कारक तत्वको पहिचान नभएसम्म माध्यम पहिचान अधूरो हुन्छ । एचआइभी एड्स नियन्त्रणसम्बन्धी विभिन्न अभियानहरु चलिरहेका छन् । विगत सात वर्षको अवधिमा विश्वभर एचआइभी संक्रमण १६ प्रतिशतले घटेको छ भने नेपालमा ६१ प्रतिशतले घटेको राष्ट्रिय एड्स यौन रोग नियन्त्रण केन्द्रको तथ्यांक छ । विश्वका गरिब तथा अल्पविकसित मुलुकहरुमा एचआइभी एड्सको संक्रमण दर अझै पनि भयावह रहेको विश्व स्वास्थ्यको संगठनको निष्कर्ष छ । नेपालमा पनि असुरक्षित यौन सम्पर्क गर्ने, सुइको प्रयोग गरी लागूपदार्थ सेवन गर्ने, यौनकर्मी, रोजगारीका लागि विदेशिनेहरु एचआइभी संक्रमणको उच्च जोखिममा छन् । आर्थिक विपन्नताको कारण, शिक्षाको कमी र चेतनाको अभाव भएकोले गर्दा पनि हाम्रो मुलुकका नागरिकहरुमा एचआइभी संक्रमणको जोखिम रहेको पाइन्छ ।

मानवजीवनमा यौन आवश्यकता भए पनि यसलाई नियन्त्रण गर्न नसक्दा एड्सको उच्च जोखिम हुने गरेको छ । असुरक्षित यौन सम्पर्क तथा वैदेशिक रोजगारीका कारण एचआइभी संक्रमणको खतरा भइरहँदा पनि संक्रमण दरमा आएको उल्लेख्य कमीलाई सकारात्मक मान्नु पर्छ । पछिल्लो समय एचआइभी एड्सबारे बढ्दो जनचेतनाका कारण यसको संक्रमण कम भएको हुनाले एड्स दिवसलाई सार्थक बनाउन जनचेतना वृद्धिमा थप कार्यक्रम गर्नुपर्ने देखिन्छ । सहरदेखि गाउँसम्म एड्सविरुद्ध अभियानकै रुपमा जनचेतना फैलाउनु अति आवश्यक देखिएको छ । अहिलेसम्म यस क्षेत्रमा भए गरेका प्रयासहरु र त्यसका सकारात्मक उपलब्धिलाई समीक्षा गर्दै सम्बन्धित निकायले एड्सविरुद्ध सचेतना र सतर्कता वृद्धि गर्न थप प्रयत्न गर्नु आवश्यक छ । एचआइभी एड्सबारे एक दिन दिवस मनाएर भाषणमात्र गर्ने होइन ठोस र प्रभावकारी नीति तथा कार्यक्रम गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर १६ गते बिहीबार २ डिसेम्बर २०२१ । मार्ग कृष्ण त्रयोदशी । कछलागा त्रयोदशी ११४१ । सूर्योदय ६:३७ र सूर्यास्त ५:०८ मा हुनेछ । अन्तर्राष्ट्रिय दासता उन्मूलन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# कोभिड-१९ ले उठाएको शैक्षिक पद्धतिको प्रश्न



**नीलकमल चापागाई**
पिएचडी

**अवलोकन गर्ने, प्रश्न गर्ने, ज्ञानलाई आफ्नो सन्दर्भमा जोड्ने, प्रयोग गर्ने, परीक्षण र परिमार्जन गर्ने किसिमका सिकाइका संस्कारहरु सानैदेखि जरुरी हुन्छ। यसो हुँदा महामारी वा लकडाउन जस्ता कठिन समय नै भए पनि सिक्ने/सिकाउने क्रम त्यति साह्रो अप्ठेरोमा पर्दैन।**

नेपाल सरकारले लकडाउन घोषणा गरेलगत्तै भारत सरकारले पनि लकडाउन घोषणा गर्‍यो, हेर्दाहेर्दै विश्व ठप्प भएको भान भयो, रित्ता सडक, विस्तारै खुलेको आकाश सँगै एक प्रकारको छुट्टीको माहोल बन्यो - व्यस्त मान्छेहरुले फुर्सद पाउँदा 'घरै बस' भन्ने सरकारी आदेश तलब सहितको बिदा जस्तो भयो केही दिन ।

तलब सुरक्षा नहुने अनि दैनिक ज्यालादारीमा बाँच्नुपर्नेहरुलाई भने काम गर्ने शहर नै बिरानो भयो र शहर छाडेर गाउँ फर्किनेहरुको लर्को समाचारको केन्द्र पनि बने केही दिन । विस्तारै भाइरसको बिगबिगी बढ्दै गएर टोलछिमेक नै भेट्न थालेपछि भने स्थिति अस्तव्यस्त भयो । यी सबै वैश्यिक समस्या बीच हाम्रा बालबालिकाका आफ्नै समस्याहरु देखिन थाले । केही दिन छुट्टी भएर रमाइलो भएको जस्तो भए पनि स्कूल जान नपाउँदा साथीभाइसँगको हेलमेल छुट्दा छटपटी बढ्न थाल्यो, बाबुआमा र नानीबाबु सबैलाई स्थिति झर्को लाग्दो हुँदै गएको भान भयो । यी सबै बीच फेरि उही शिक्षाको प्रश्न उठ्न थाल्यो ।

हो, विद्यालय बन्द हुँदा पठनपाठन बन्द त भयो, तर शिक्षा वा सिकाइको क्रम त रोकिनुपर्ने थिएन । घरमा बस्न पट्याइ लाग्दो नै हुनुपर्ने त थिएन कि जस्तो लाग्छ । कारणवश औपचारिक शिक्षाको प्रक्रिया रोकिंदा पढेलेखेकै घरपरिवारमा ठूलो समस्या आउनुपर्ने त थिएन, तर यो पनि एक समस्या नै भयो । शिक्षण संस्थाको महत्व आफ्नो ठाउँमा छ, तर कोभिडको कारणले हाम्रो सिकाइको पद्धति चाहिं कमजोर र सान्दर्भिक हुन नसकेको प्रष्टसँग उजागर भएको जस्तो लाग्यो, त्यसैको चर्चा यहाँ गर्न खोजेको छु ।

भनिन्छ, घरपरिवार बाबुआमा नै केटाकेटीका पहिलो विद्यालय अनि शिक्षक हुन्, तर उमेर बढ्दै गएपछि यो क्रम स्कूलतिर सर्छ । तर बालबालिकाले बढी समय बिताउने त घर परिवारमै हो । उसोभए हाम्रो शिक्षा पद्धतिले घर भित्रै र वरिपरिको वातावरण सँगै जोडेर शिक्षाको खाका बनाउन चाहिने जति जमर्को नगरेको हो कि ? यदि हुन्थ्यो त, कोभिडको कारणले विद्यालय बन्द भए पनि सिकाइको क्रम त नरोकिनुपर्ने हो । हुन त यसका अरु पाटाहरु पनि छन्, तर यो लेखको तर्कको पनि केही स्थान छ नै होला भनेर शैक्षिक पद्धति वा सिकाइ पद्धतिमा घर भित्र र बाहिरका वातावरण र व्यवहारलाई कसरी अँगाल्ने भन्ने बारेमा केही चर्चा गर्न चाहन्छु । गत वर्षको लकडाउनको समयमा मेरो आफ्नो काम त चलि नै रह्यो, तर घरैमा बसेर गरेको हुँदा घर वरिपरिको वातावरण नियाल्ने पनि अवसर पाइयो । यसो हुँदा मोबाइल फोन र विशेष गरी फोनको क्यामेराको सदुपयोग वरिपरिको जीवन र जगतका श्रव्य र दृश्य कैद गर्न राम्रैसँग प्रयोग गरियो ।

बालबालिकालाई फोन धेरै चलाए भनेर गाली गर्नुको साटो फोन प्रयोग गरेर गर्न सकिने क्रियाकलापहरुमा उत्साहित गर्न सकिन्छ । विज्ञानको पढाइ किताबबाट गरे पनि अभ्यास चाहिं दैनिक व्यवहारमा आधारित भएर गर्ने हो भने पढेको कुरा बुझ्न पनि सजिलो हुने, बालबालिकाहरुको समय पनि रचनात्मक हुन सक्छ । गणितको सिकाइ कोरा किताबी समस्या समाधानमा आधारित हुनु भन्दा दैनिक घरेलु प्रयोजनसँग जोडेर बाबुआमाको दैनिक हिसाबकिताबमा आधारित हुने हो भने सिकाइ पनि भयो, उनीहरु व्यस्त पनि भए, अझ थप पारस्परिक सम्बन्ध पनि रचनात्मक नै भयो ।

करेसाबारी छ भने त झनै बढी अनुसन्धान र प्रयोग गर्न पाइयो, किसानका छोराछोरीलाई त झनै बढी सिकाइका अवसर हुने भए । सधैं गहिरो कुरा मात्र चाहिन्छ भन्ने छैन, बालसुलभ खेलकुदमा पनि सिक्ने अवसर प्रशस्तै हुन्छन्, अभिभावकले अलिकति समय दिएर उनीहरुसँग खेल्ने वा उनीहरुले खेलेका कुरामा आधारित भएर विभिन्न कुरा सिक्ने सिकाउने प्रयास गर्ने हो भने साह्रै उत्तम सिकाइका अवसर र पाठहरू निस्कन्छन् ।

हो, सबै अभिभावकले बृहत् रुपमा सोच्न र समय दिन नभ्याउलान्, तर यदि स्कूलले सिकाइ त्यसै अनुसार गर्ने हो भने किताबी होमवर्क दिनु भन्दा व्यावहारिक होमवर्क दिए अनावश्यक ट्युसनको आवश्यकता पनि पर्ने थिएन होला । अझ सक्ने हो भने त स्कूलका पाठ्यक्रम निर्माताहरुले औपचारिक शिक्षाको खाकाको साथसाथै अनौपचारिक खेल खेलाइ र घरेलु सिकाइका अतिरिक्त क्रियाकलापमा जोड दिंदा सबैको भलो हुन्थ्यो जस्तो लाग्छ । सोच्ने हो भने घरमा बिहानदेखि राति नसुतेसम्म धेरै प्रयोग, हिसाबकिताब, सामाजिक व्यवहारहरु अनि समस्या समाधानका कामहरु भैरहेका हुन्छन्, तिनलाई हेर्ने र बुझ्ने तिर्सना हाम्रा विद्यार्थीमा जगाउन सक्ने हो भने शिक्षा दिगो र अर्थपूर्ण हुन्छ । एकपल्ट प्रयास गरेर हेर्नुस् त, यो सम्भव छ । यसो भन्नलाई मसँग यस सम्बन्धी औपचारिक ज्ञान भन्दा पनि मेरो आफ्नै पारिवारिक परीक्षणले साथ दिएको छ, त्यसैले यो अरु परिवारमा पनि लागू गर्न सकिन्छ होला भन्ने मेरो विश्वास हो । यसो भनिरहँदा मलाई हाम्रो शिक्षा पद्धतिको अर्को महत्वपूर्ण पाटो बिझाइरहेछ । मानौं, एउटा बच्चाले मैले माथि उल्लेख गरे झैं वातावरण पाएर खेल्दै, रमाउँदै र सिक्दै हुर्किंदैछ । मानौं उसलाई तँछाडमछाड गर्दै स्कूल जानुपर्ने आवश्यकता नै परेन रे, कम से कम अभिभावकले सावधानीपूर्वक सोच्दा स्कूल नगए पनि शिक्षाको आवश्यकता पूरा हुने स्थिति भयो रे ।

अब कुनै तहमा औपचारिक शिक्षामा प्रवेश गरौं न त भन्दा हाम्रा शैक्षिक संस्थाहरुले कुनै जाँचबुझ गरेर उपयुक्त तहमा भर्ना लिन सक्छन् ? कि औपचारिक शिक्षाकै प्रमाणपत्र चाहिन्छ ? शायद यस्ता प्रश्नले पनि घरेलु सिकाइका पद्धति ओझेलमा परेका होलान् किनकि आखिर त उही किताबी तरिकाले नै शिक्षाको प्रमाणीकरण हुने भो ।

तर त्यो प्रमाणीकरणको समस्या चाहिं विश्वविद्यालय पुग्दा टड्कारो हुन्छ, राम्रै प्रमाणपत्रधारीहरु पनि व्यवहारमा त कतिपय पक्षमा अनभिज्ञ वा अक्षम देखिन्छन्, यो चाहिं मेरो पेशागत अनुभवको आधारमा उठाउँदै छु । भने पछि त जबसम्म यो पछिल्लो पाटो राम्रोसँग सोचिंदैन, मेरो अघिल्लो तर्कको कुनै स्थान छैन । जबसम्म त्यो तर्कको स्थान छैन, तबसम्म त फेरि घरै बस्नुपर्ने स्थिति आयो भने हाम्रा बालबालिकाहरु बेगारी नै हुने भए ।

त्यस्तो हुँदा अब म यो लेखको अन्तिम पाटोमा पुग्छु, जुन उच्च शिक्षामा जोडिएको छ । एक वर्ष जस्तो शैक्षिक संस्था बन्द हुँदा हाम्रा उच्च शिक्षाका विद्यार्थीले आफ्ना सामाजिक र वातावरणीय पक्षमा अध्ययन अनुसन्धान गर्नुपर्ने धेरै प्रश्न उठेका थिए, तर एकाध बाहेक धेरैले त यो समय रचनात्मक बनाउन सकेनन् भन्ने बुझियो । उदाहरणको लागि- सूक्ष्म जीव विज्ञानका विभिन्न संकायका लागि त आफ्नो अनुसन्धानकै विषय भयो यो, तर प्रयोगशालाको पहुँच नहुँदा ती विद्यार्थीले आफ्नो विधाको आधारभूत ज्ञान जनसाधारणले बुझ्ने भाषामा लेख्न वा भन्न सक्दा यो समय आफैंमा एउटा अवसर हुन्थ्यो, र कतिपय गलत सूचनाका समस्यालाई पनि हल गर्ने मौका हुन्थ्यो । गणित र तथ्यांकका विद्यार्थीलाई त संक्रमण दरको हिसाबकिताब आफैंमा एउटा रोचक विषय भएकै होला, अर्थशास्त्रका विद्यार्थीलाई कोभिडको प्रभाव राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहमा मात्रै आफ्नै गाउँठाउँमा कसरी परेको रैछ, कि हाम्रो ग्रामीण अर्थतन्त्रमा कुनै यस्तो कडी पनि छ कि जसले गर्दा सरकारले राहतको कार्यक्रम नल्याए पनि समुदायस्तरमै बेग्लै आर्थिक संरचना पो छ कि भन्ने खोजीनीति हुन सक्थ्यो कि । अथवा यातायात र पारवहन ठप्प भएको बेला स्थानीय अर्थतन्त्र बुझ्ने दुर्लभ अवसर पो थियो कि, सामाजिक शास्त्रका अध्येताहरुले त झन् हाम्रा समाजका धेरै पाटा कोभिडले उजागर गरिदिंदा आफ्नै समाजको बेथिति वा राम्रोथिति केलाउने मौका पाए होलान् । यस्तै यस्तै ।

राष्ट्रिय आविष्कार केन्द्रले नौलो आविष्कार नै नभए पनि प्रविधिको प्रयोग गरेर स्थानीय आवश्यकता त पूरा गरेकै हो, कति विधाका विद्यार्थीले यसमा हातेमालो गरेको सराहनीय छ । समस्याको भुमरीमै आविष्कार र अनुसन्धानको भण्डार देख्न हाम्रा विद्यार्थी धेरै चाहिं चुकेको जस्तो लाग्यो । तर यसमा उनीहरुको दोष भन्दा पनि उनीहरुलाई शिक्षित गराउने हामी प्राध्यापकहरुको कमजोरी हो जस्तो लाग्छ । यसमा अलिकति त उनीहरुको अल्छीपन होला, तर बढी त उनीहरुको शैक्षिक यात्रामा यस्ता खोजीनीति, अवलोकन र चिन्तनमनन भन्ने कुरा नै आएनन् कि भन्ने लाग्छ मलाई त । त्यसो भए यो त मेरो आआफ्नै दायित्वभित्र पो पर्ने कुरा भयो भन्ने लाग्यो मलाई, एउटा अभिभावकको नाताले मात्र होइन, एउटा प्राध्यापन पेशामा लागेको व्यक्ति भएको नाताले ।

हुनत म नेपाल बाहिर प्राध्यापन गर्छु, अनि त्यो परिवेशमा चाहिं म नेपालमै बसेको भएतापनि मैले मेरा विद्यार्थीलाई मार्ग निर्देशन गरिनै रहेको छु, उनीहरुले पनि घर वरिपरिकै प्रसङ्गबाट मेरा विषयको अध्ययन जारी राखेका छन्, त्यसैले पनि मलाई यो लेख्न आत्मविश्वास दियो । टुंग्याउने क्रममा अलिकति भविष्यको कुरा र अलिकति हाम्रो शिक्षा पद्धति कता मोड्ने भन्ने कुरा गर्न मन लाग्यो । माथिका तर्कको आधारमा म नेपालमा विद्यमान शिक्षा पद्धतिमा प्रारम्भिकदेखि उच्च शिक्षासम्म नै हाम्रो आफ्नो सन्दर्भमा टेकेर तर विश्वको अरु कुनामा पनि प्रयोग हुनसक्ने हिसाबको शिक्षाका सामग्री र पद्धति विकास गर्नुपर्ने आवश्यकता र अवसर देख्छु ।

तर विश्वस्तरकै भए पनि स्थानीय परिवेशमा गैरजिम्मेवार शिक्षा चाहिं परिमार्जन हुनैपर्छ । हाल शिक्षा क्षेत्रमा भैरहेका बहस, नवीनतम प्रयोगका झिल्काहरु र पछिल्लो शिक्षा नीतिको प्रसङ्गमा भविष्य राम्रो होला भन्ने आशा गर्ने ठाउँ छ जस्तो लाग्छ । अबको समयमा हाम्रा विश्वविद्यालयमा पढ्ने विद्यार्थी विधागत ज्ञानमा मात्रै सीमित नरहेर सामाजिक, राजनीतिक, दर्शनशास्त्र, अर्थशास्त्र, प्रविधि, विकास, साझेदारी, संचार, ऐतिहासिक र सांस्कृतिक परिवेश सबै क्षेत्रमा सुसूचित हुँदै आफ्नो दक्षता अभिवृद्धि गरुन्, तर यसको लागि जग चाहिं घरपरिवार र प्रारम्भिक शिक्षाबाटै गाड्नुपर्ने हुन्छ । अवलोकन गर्ने, प्रश्न गर्ने, ज्ञानलाई आफ्नो सन्दर्भमा जोड्ने, प्रयोग गर्ने, परीक्षण र परिमार्जन गर्ने किसिमका सिकाइका संस्कारहरु सानैदेखि जरुरी हुन्छ । यसो हुँदा महामारी वा लकडाउन जस्ता कठिन समय नै भए पनि सिक्ने/सिकाउने क्रम त्यति साह्रो अप्ठेरोमा पर्दैन होला । *- अनलाईनखबर*

# माछा उत्पादक जिल्लाको रूप लिँदै दाङ

**रञ्जिता अधिकारी**

दाङमा पछिल्लो समयमा माछापालन व्यवसाय फस्टाउँदै गएको छ । नदी, खोला र प्राकृतिक पोखरीमा पालिने गरेकामा अब कृत्रिम पोखरी बनाएर व्यावसायिक रूपमा पालिएको माछाले यहाँको माग धान्न थालेको छ । राम्रो आम्दानी हुन थालेपछि माछापालन व्यवसायमा कृषकको आकर्षण बढ्दै गएको हो । जिल्लामा केही वर्ष अघिसम्म थोरैले माछापालन गर्दै आए पनि अहिले व्यावसायिक रूपमै माछापालन गर्ने किसान बढ्दै गएका छन् । माछापालनका लागि दाङमा उपयुक्त माटो र हावापानीले साथ दिएकाले यसतर्फ किसानको रुचि बढेको छ ।

देउखुरी उपत्यकाअन्तर्गत लमही नगर पालिका र गढवा गाउँपालिकामा माछापालन निकै फस्टाएको छ । घोराही उपहानगरपालिका- ५ धर्ना त माछापालनका लागि पकेट क्षेत्र घोषणा नै गरिएको छ । त्यहाँ माछापालक किसानलाई भेटेरीनरी अस्पताल तथा पशुसेवाविज्ञ केन्द्र मत्स्य विकास केन्द्रले अनुदान तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ ।

जिल्लाका बजारमा माछाको माग बढेसँगै माछापालनमा आकर्षण बढ्दै गएको माछा उत्पादक किसान बताउँछन् । थोरै लगानीमा धेरै आम्दानी हुने भएकाले यस व्यवसायमा आकर्षण बढ्दै गएको घोराही-५ धर्नाका कृषक सरोज डिसीले बताउनुभयो । उहाँले कृषि फर्म स्थापना गरी १७ पोखरीमा करिब दुई लाख माछापालनबाट वार्षिक रु ४० लाख बराबरको आम्दानी गर्दै आउनुभएको छ । उहाँले माछापालनबाट राम्रो आम्दानी भएपछि खेतीयोग्य जमिनमा पोखरी बनाई माछापालन व्यवसाय सुरु गर्नुभएको हो ।

उहाँले माछाको हेरचाह र दाना दिनका लागि दुई स्थानीयवासीलाई रोजगारी पनि दिनुभएको छ । उहाँले भन्नुभयो, "व्यावसायिक रूपमै माछापालन गर्न थालेकाले व्यवसायमा लगानीसमेत बढ्दै गएको छ ।" उत्पादित माछा घोराही र तुलसीपुरका बजारमा लगिने तथा स्थानीयस्तरका व्यापारीले खरिद गरेर लाने गरेको उहाँले बताउनुभयो । लमही-५ का टीकाराम गिरीले तीन बिघा क्षेत्रफलमा पोखरी बनाई माछा पालन गर्नुभएको छ । रु २० लाखका लगानीबाट व्यवसाय सुरु गर्नुभएका उहाँको अहिले लगानी बढेर रु ८० लाख भएको र वार्षिक रु २५ लाख आम्दानी हुने गरेको छ । उहाँले उत्पादन गरेको माछा दाङका लमही, भालुवाङ र गढवाका साथै छिमेकी जिल्लामा समेत निर्यात हुने गरेको छ । माछापालन व्यवसायबाट आफू सन्तुष्ट भएको उहाँले बताउनुभयो । "अरू व्यवसायभन्दा माछा पालेर राम्रो आम्दानी भएको छ, त्यसैले हामी यता लागेका हौं", उहाँले भन्नुभयो । स्थानीयवासी वीरबहादुर रावतले घोराही-१८ रझेनामा चार वर्षदेखि माछा बिक्री गर्दै आउनुभएको छ ।

भ्याली फ्रेस हाउसका सञ्चालक रावत दैनिक २० देखि ३० किलो माछा बिक्री गर्नुहुन्छ । पहिले कुखुरा काटी बिक्री गर्ने उहाँ अचेल पसलका छेउमा सानो पोखरी बनाएर जिउँदो माछा राखी ग्राहकको मागअनुसार जिउँदो माछा बिक्री गर्नुहुन्छ । "गर्मीमा भन्दा जाडो समयमा माछा धेरै खपत हुने गर्छ, दाङमा उत्पादन भएको माछाले यही जिल्लालाई धान्छ ", उहाँले भन्नुभयो । उहाँका अनुसार देउखुरी र दाङमा उत्पादन भएको माछा बाह्रै महिना उपलब्ध हुने भएकाले सजिलो भएको छ । माछाको जातअनुसारको मूल्य फरकफरक हुन्छ । उहाँ बैखा, सहु, कमनग्रास र रूपचन्दन जातका माछा बिक्री गर्नुहुन्छ । प्राय: दीर्घरोगी र अन्य रोगीले माछा खाने गरेको उहाँको भनाइ छ । रावत प्रतिकिलो जिउँदो माछा प्रतिकिलो रु ३६० देखि ४४० सम्म बिक्री गरी दैनिक राम्रो आम्दानी गर्नुहुन्छ ।

माछामा प्रशस्त भिटामिन 'डी' पाइन्छ । यसको सेवनबाट क्याल्सियम पनि प्राप्त भई मानिसको हाड बलियो गराउँछ । नियमित माछा खानाले दिमाग सधैँ तेजिलो रहन्छ र दृष्यशक्ति बढाउनका साथै आँखालाई सधैँ स्वस्थ्य राख्छ । उच्च रक्तचाप नियन्त्रण गर्न माछाको सेवन गर्नुपर्ने चिकित्सक सुझाव दिन्छन् । रातो मासु पचाउन झण्डै ३२ देखि ३६ घण्टा लाग्ने गर्छ तर माछा दुईदेखि तीन घण्टामा पच्छ ।

खासगरी धान उत्पादनका तुलनामा पाँचदेखि १० गुणा बढी उत्पादन तथा आम्दानी हुने भएपछि यसतर्फ कृषकको आकर्षण बढेको भेटेरिनरी अस्पताल तथा पशुसेवाविज्ञ केन्द्र घोराहीका मत्स्य विकास अधिकृत महेन्द्रप्रसाद यादवले बताउनुभयो । बजारमा भारतबाट ल्याइने माछाको आयात कम गर्न र माछा उत्पादनले जिल्ला आत्मनिर्भर बनोस् भनेर 'मत्स्य उत्पादन विशेष कार्यक्रम' अन्तर्गत दाङमा कार्यक्रम अगाडि बढाइएको हो । "अहिले रोजगारीका लागि युवा विदेश गइरहेको अवस्था छ, विदेश जाने युवाले सानो लगानीमा पनि माछापालन व्यवसाय गर्न सक्छन् । त्यसैले तिनलाई माछापालन व्यवसाय गर्न प्रोत्साहन होस् भनेर आवश्यक सीप सिकाउने गरेका छौँ", उहाँले भन्नुभयो ।

जिल्लामा बर्सेनि माछापालन व्यवसायी बढ्दै गएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र दाङको तथ्यांकमा उल्लेख छ । मत्स्य विकास अधिकृत यादवका अनुसार हालसम्म माछापालनमा करीब रु सात करोड लगानी भएको छ । जिल्लामा दुई सय १७ कृषकले माछापालन व्यवसाय गर्दै आएकामा ६५ जनाले व्यावसायिक रूपमा माछापालन गर्दै आएको कार्यालयको भनाइ छ । जिल्लामा ५०१ पोखरी तथा ३० घोलताल (प्लाष्टिकको आधुनिक पोखरी) मा माछापालन गरिँदै आएको छ । माछापालन गरिने क्षेत्रफलसमेत बढ्दै छ । यादवका अनुसार दुई वर्षअघि १२५ हेक्टर क्षेत्रफलमा माछापालन भएकामा अहिले करिब १४१ हेक्टर क्षेत्रफलमा हुने गरेको छ । प्रधानमन्त्री आधुनिकीकरण परियोजना सुरु भएसँगै माछापालन व्यवसायलाई प्रवर्द्धनका लागि अनुदान सहयोग हुन थालेपछि जिल्लामा माछापालन व्यवसाय बढ्दै गएको छ ।

जिल्लामा बैखा जातको माछा एक कामा चार क्विन्टल तथा कार्प जातको माछा दुईदेखि चार क्विन्टल उत्पादन हुने गरेको छ । खासगरी बैखा र मङ्गुर जातका माछा भारतमा उत्पादन हुन्छ भने कार्प र रहु जातका माछा यहाँ उत्पादन हुन्छ । पछिल्लो समय जिल्लामा माछापालन व्यवसायमा यान्त्रिकीकरण अभिवृद्धि भई उत्पादन क्षेत्रफल र परिमाणसमेत बढेको छ । यहाँ उत्पादन भएको माछाले माग धान्ने गरी गतिविधि गरिएको छ ।

हाल जिल्लामा उत्पादित माछा छिमेकी बाँकेको नेपालगञ्जलगायत पहाडी जिल्ला रोल्पा, रुकुम, सुर्खेत, सल्यान र प्युठानमा निर्यात गरिन्छ । माछाको बजार राम्रो रहेकाले कृषकलाई राम्रो फाइदा भएको भेटेरिनरी अस्पताल दाङले जनाएको छ । दाङमा माछा खपत पनि बढ्दै गएको छ । केही वर्षअघिसम्म भारतबाट ल्याएर उपभोग हुने गरेकामा अहिले आन्तरिक उत्पादनले बजार धान्न थालेको छ । कुनै समय माछाका लागि अरू जिल्लामा भर पर्ने दाङले अहिले बर्सेनि करिब ६ सय मेट्रिक टन माछा उत्पादन गर्ने गरेको मत्स्य विकास अधिकृत यादवले जानकारी दिनुभयो । जिल्लाका करिब २२५ व्यावसायिक कृषक माछापालनमा आबद्ध छन् । बर्सेनि करिब ६ सय मेट्रिक टन उत्पादन हुने भेटेरिनरी अस्पताल दाङले जनाएको छ ।

कुनै समय कार्प प्रजातिका माछा मात्रै पालन हुने गरेको जिल्लामा अहिले पङ्गास प्रजातिका माछापालन हुन थालेसँगै माछा उत्पादनमा बढोत्तरी भएको मत्स्य विकास अधिकृत यादवले बताउनुभयो । "पहिलेपहिले कार्प प्रजातिमा कमन, सिल्भर, रहु, नैनीलगायत माछापालन हुन्थ्यो । अहिले त पङ्गास प्रजातिका बैखालगायत माछापालन हुन थालेसँगै उत्पादन पनि बढेको छ", यादवले भन्नुभयो ।

खासगरी, चैत, वैशाख, जेठ महिनामा बाहिरी जिल्लाको माछामा भर पर्नुपर्ने अवस्था रहेकामा बिस्तारै निर्भरता अन्त्य हुने चरणमा छ । बाँकी समय भने यहींको उत्पादनले बजारको माग धान्ने गरेको छ । व्यावसायिक रूपमा माछापालन गर्ने कृषकको आकर्षण बढ्दै गएको र सरकारले पनि माछापालनका लागि कृषकलाई सहुलियत प्रदान गर्ने नीति बनाएकाले यसतर्फ कृषकको रुचि बढ्दै गएको छ ।

विज्ञ केन्द्रका प्रमुख डा वेदबहादुर केसीले जिल्लामा माछाको खपत बढाउनका लागि बाह्रै महिना उपलब्ध हुन सक्ने गरी योजनाका साथ कार्यविधि बनाएर काम गर्न थालिएको बताउनुभयो । उहाँका अनुसार जिल्लामा अहिले पनि वार्षिक प्रतिव्यक्ति १ दशमलव ०८ केजी माछा मात्रै खपत हुने गरेको छ ।

माछा उत्पादन बढाउन र कृषकलाई मत्स्यपालनमा टेवा दिन चालु आर्थिक वर्ष २०७८ । ०७९ का लागि लुम्बिनी प्रदेश सरकारबाट फिस मिसन कार्यक्रमका लागि रु ५० लाख बजेट विनियोजन भएको मत्स्य विकास प्रमुख डा केसीले बताउनुभयो । उहाँका अनुसार उक्त रकम पोखरी निर्माणका लागि माछापालक कृषकलाई सहुलियतमा प्रदान गरिनेछ । सोअन्तर्गत प्रतिहेक्टर पोखरी निर्माणका लागि रु पाँच लाख विनियोजन गरिएको छ ।

- रासस

# विकासका प्राथमिकतामा भरतपुर महानगर

चितवन (रासस)/ भरतपुर महानगरपालिकामा जनप्रतिनिधिले नेतृत्व सम्हालेसँगै पूर्वाधार विकासमा उच्च प्राथमिकता पाएको छ । तत्कालिन उपमहानगर पालिका, नगरपालिका र गाउँविकास समिति मिलाएर बनाइएको महानगरपालिका भित्र चितवन क्षेत्र नं २ र ३ का केही वडा पर्दछन् ।

चितवन क्षेत्र नं ३ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्वाचन क्षेत्र हो । संघीय र प्रदेश मन्त्रालय तथा महानगरपालिकाले यहाँको पूर्वाधार विकासमा उच्च प्राथमिकता पाएको देखिन्छ । महानगरपालिकाले अध्यक्ष प्रचण्डका उपस्थितिमा संघीय मन्त्री, सचिव, विभागका महानिर्देशकलाई यहाँ आमन्त्रण विकास बहस एवं छलफलसमेत गर्दै आएको छ । यसको प्रभाव यहाँको विकासमा परेको पाइन्छ ।




महानगरपालिकाभित्र बन्दै गरेको सिटिहल, पुलचोकदेखि गोन्द्राङसम्मको ६ लेन सडक, महानगरको रिङ्रोड, लिङक रोड, अन्य सडक कालोपत्र, नारायणी नदी किनारको विकास, खानेपानी, नारायणी नदी तटबन्धन जस्ता विकासका काम यहाँ भएका छन् ।

महानगर प्रमुख रेनुका अनुसार विगत चार वर्षका अवधिमा ६१० किलोमिटर सडक कालोपत्र तथा ४५० किमी सडकमा ग्राभेल गरिएको छ । यो स्थानीय तहमा भएको सबैभन्दा बढी रहेको महानगरले जनाएको छ । संघीय सरकारको सहयोग तथा महानगरपालिकाका पहलमा नेपालकै सबैभन्दा लामो ८८.६ किमी महानगरीय चक्रपथ आठ अर्ब २० करोडको लागत रहने गरी प्रारम्भिक वातावरणीय परीक्षणसहित विस्तृत परियोजना प्रतिवेदन तयार भई सघन सहरी विकासबाट १० किमी, प्रदेश सरकारबाट ८.५५ किमी, सडक विभागबाट १२ किमी. र महानगरबाट १० किमी गरी जम्मा चक्रपथ निर्माणाधीन अवस्थामा रहेको उनले जानकारी दिए ।

पुलचोकदेखि गोन्द्राङसम्म हरियालीसहितको ६ लेनको सडक फुटपाथ र सर्भिस ट्र्याक निर्माणको लागि एक अर्ब ९८ करोड ७३ लाखको लागतमा तीव्र गतिमा काम भइरहेको छ । साथै बाइपास चार लेन सडक विस्तार एवं सतह ढल निर्माणको कार्य पनि अघि बढिरहको उनको भनाइ छ । यसैगरी हुलाकी सडकको १९ किमी विस्तार एवं स्तरोन्नति र भरतपुर -मेघौली-गोलाघाट (सहायक राजमार्ग) खण्डको ८ किलोमिटर सडक निर्माणाधीन अवस्थामा रहेको छ । भरतपुर महानगरपालिका वडा नं ३ मा सार्वजनिक निजी साझेदारीविधि (पिपिपि) मोडलमा निर्माण हुने भरतपुर मेट्रो प्लाजाको सम्झौता भई कार्य प्रारम्भ भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलन गर्न र यसमार्फत पर्यटकीय आर्थिक गतिविधिमा बढोत्तरी ल्याउन सिटी हल बनाउने कार्यअनुरुप महानगरपालिकाको पहल एवं सहरी विकास मन्त्रालयबाट एक अर्ब ८५ करोडको लागतमा सिटी हल निर्माणकार्य द्रुत गतिमा अघि बढेको महानगर प्रमुख रेनुले जनाकारी दिए ।

केन्द्रीय बसपार्कको स्तरोन्नति, शारदानगर, जखडिमाई, दिव्यनगर, पार्वतीपुर, मेघौली र धनगढा खानेपानी आयोजना महानगरभित्रका महत्वपूर्ण आयोजना हुन । भरतपुर महानगर पालिका-३ स्थित नगर वनको सानो मजुवामा करिब एक अर्ब ३५ करोडको लागत अनुमान रहेको अटोल्याण्ड निर्माणको प्रक्रिया अघि बढाइएको छ । महानगरपालिका-२१ र वडा नं २० मा लघु औद्योगिक ग्राम कार्य अगाडि बढेको छ ।

नारायणी नदी किनारलाई सामुन्द्रिक तटिय ढाँचामा विकास गरी स्वदेशी तथा विदेशी पर्यटक आकर्षण गरेर आर्थिक क्रियाकलापमा वृद्धि गर्ने प्रयोजनका लागि गुरुयोजना अनुसार २९ करोड लागतमध्ये महानगरपालिकाले ९७ लाखको लगानीमा एक किमी वाकिङ ट्रेल निर्माण सम्पन्न गरेको छ ।

साथै अन्य कामको लागि पर्यटन विभागबाट सात करोडको बोलपत्र भई कार्य अघि बढेको महानगरपालिकाले जनाएको छ । भरतपुर अस्पतालमा पाँच करोड ७५ लाखको लागतमा सुविधा सम्पन्न बिरामी कुरुवा घर, भरतपुर १४ को शिवनगर स्वास्थ्य केन्द्रमा एक्स-रे सेवासहित १५ शय्याको अस्पताल र शारदानगर स्वास्थ्य चौकीमा १५ शय्या क्षमताको कोभिड अस्पताल स्थापना गरी सञ्चालन गरिएकोमा सोको क्षमता विस्तार गरी नगरस्तरीय अस्पतालको रूपमा स्तरोन्नति गरिँदै छ । फोहरमैलाको दिगो व्यवस्थापनका लागि कोरियन सरकारको सहयोगमा विस्तृत अध्ययन प्रतिवेदन तयार गरिएको छ । एक अर्ब २५ करोड लागतमा यही पुस १५ गतेभित्र सम्झौतामार्फत वैज्ञानिक फोहर व्यवस्थापनको कार्य थालनी हुने उनले बताए ।

महानगरपालिकाभित्र लक्ष्मीनारायण मन्दिर, पहुँच मार्गसहितको रानीपोखरी पार्क रु २५ करोड ५ लाख ९८ हजारमा ठेक्का सम्झौता भई काम अगाडि बढी सम्पन्न हुने चरणामा रहको छ । साथै खुल्ला जिमखाना, हरियाली प्रवर्द्धनलगायतका वातावरण संरक्षण र सहरी सौन्दर्यीकरणको काम सघन रूपमा अघि बढेको महानगरले जनाएको छ ।

महानगरमा स्मार्ट सडक बत्ती योजना तथा १९ किमी भूमिगत विद्युत्लाइन विस्तारको कार्य नेपाल विद्युत् प्राधिकरण तथा महानगर पालिकाको साझेदारीमा अघि बढेको छ भने ३० किलोमिटर सडकमा स्मार्ट स्ट्रिट लाइट जडानको काम सुरु भएको छ । महानगरभित्र जनप्रतिनिधि आएसँगै ११ वटा वडाकार्यालय निर्माण सम्पन्न, ६ वटा वडा कार्यालयको तला थप गरिएको छ । भने बाँकी सबै वडा कार्यालयको मर्मत र स्तरोन्नति गरी सेवा प्रवाहलाई प्रभावकारी तथा प्रविधियुक्त बनाइएको छ । महानगरपलिकाले अम्ब्रेला स्ट्रिट भ्यू पोइन्ट निर्माण गरी आन्तरिक पर्यटन प्रवर्द्धनको काम भइरहेको छ । गोलाघाट र चौकी डाँडामा भ्यू टावर निर्माणको काम सुरु भएको छ । देवघाटमा नौ करोड ९० लाखको लागतमा अत्याधुनिक शवदाह गृह निर्माणाधीन रहको छ ।

महानगरपालिकाको पहलमा धुर्मुश-सुन्तली फाउण्डेसनले यहाँ गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण गरेकोमा हाल काम रोकिएको छ । यसलाई सम्पन्न गर्न महानगरले अग्रसरता लिएर छलफल सुरु गरेको दाहाल बताउँछन् । महानगरकै अगुवाइमा छलफलपछि भरतपुर विमानस्थल विस्तारको प्रक्रिया अघि बढेको छ । प्रमुख रेनुले सबैको साथ र सहयोगका कारण स्थानीय तहमा महानगर विकास निर्माणका काममा अग्रणी हुन सफल भएको दाबी गरे । महानगर उपप्रमुख पार्वती शाह ठकुरीले भौतिक निर्माणसँगै अन्य विकासका सूचकमा पनि महानगर अग्रणी रहेको बताए ।

आन्तरिक आम्दानी बढाउनका लागि आवश्यक गृहकार्य गरेकै कारण लक्ष्यअनुरुप काम हुन सकेको उनको भनाइ छ । छोटो समयमा भौतिक पूर्वाधारमा धेरै गर्न सकिएको उनले दाबी गरे । महानगरपालिकाले नारायणी नदी तटबन्धन गरी त्यहाँ संरक्षण हुने ठूलो भू-भागलाई सदुपयोग गर्ने गरी कामअघि बढाउन थालेको पहल सार्थक भएको जनाएको छ । युले गर्दा समग्र पश्चिम चितवन सुरक्षित हुने र महानगरको विकासमा टेवा पुग्ने बताइएको छ ।

# भीमसेन मन्दिरका छानामा झिँगटीले छाइँदै

ललितपुर (रासस)/ ऐतिहासिक पाटन दरबार परिसर स्थित भीमसेन मन्दिरको छानामा झिँगटी छाउने काम जारी छ । विसं २०७२ को गोरखा भूकम्प र पटकपटक आएको पराकम्पनका कारण मन्दिरको दलिन, बिम र माथिल्लो तलाको गारो थाम्ने थामसमेत भाँचिएर चिराचिरा परेको थियो ।

तीनतले मन्दिरको सबैभन्दा माथि गजुर हाल्ने, सुन लेपन गरिएको तामाको पाता छाउने काम सकिएर दोस्रो तलामा झिँगटी छाउने काम धमाधम भइरहेको ललितपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्णलाल महर्जनले जानकारी दिए । उनले भने, "दोस्रो तलामा झिँगटी छाउने काम आज सम्पन्न हुन्छ ।"

मन्दिरको भुइँबाट पहिलो अर्थात् माथि छानाबाट हेर्दा तेस्रो तलामा भने आउँदो शनिबार बिहान जनश्रमदानबाट जनताको सहयोगमा झिँगटी छाउने काम पूर्ण गरिने उनले जानकारी गराए । झिँगटी छाएपछि मन्दिरको तोरण सफा गरी हालिने योजना बनाइरहेको मन्दिरका साइट इन्जिनियर प्रणाम होराले बताए । मन्दिर पुन:निर्माण अन्तिम चरणमा पुगेको छ ।




मन्दिरभित्रको सरसफाइ गरी छिट्टै शुभारम्भ गरिने भएको संघका अध्यक्ष मनोजबहादुर न्याछ्योंले जानकारी दिए । उनले भने, "पाटनको यस धरोहरलाई 'हाम्रो सम्पदा हामी आफैँ बनाऔँ' भन्ने नाराका साथ मन्दिर पुन:निर्माणमा लाग्दा विदेशीसँग हात फैलाउन नपर्ने उदाहरण प्रमाणित गर्न सफल भइरहेका छौँ ।" प्राचीन शैलीमा निर्माणाधीन मन्दिर सम्पन्न भएपश्चात् माथिदेखि स्काफोल्डिङ झिक्दै आउने भएको प्रमुख प्रशासकीय अधिकृत पुरुषोतम श्रेष्ठले बताए । व्यापारीको आराध्य देवता मानिने भीमसेन मन्दिर पुन:निर्माणमा सुन लेपन खर्चबाहेक चार करोड ९३ लाख लागत लाग्ने अनुमान गरेकामा दाताबाट पाँच करोडभन्दा बढी चन्दा संकलन गरेको संघले जानकारी गराएको छ । चार शताब्दीभन्दा पुरानो इतिहास बोकेको मल्लकालीन भीमसेन मन्दिर उपत्यकाकै नमूना धरोहरका रूपमा प्यागोडा शैलीमा निर्माण भएको थियो ।


भारत सरकारले पुन: निर्माण गर्ने भनिएको सो मन्दिर भूकम्प गएको चार वर्ष बितिसक्दा पनि कसैले चासो नदेखाएपछि जीर्ण रहेको मन्दिरले परिसरबाट आवतजावत गर्ने हजारौँ स्वदेशी तथा विदेशीलाई नोक्सानी पुर्‍याउने डरका कारण ललितपुरवासी स्वयं अग्रसर भएका थिए । मन्दिर पुन:निर्माणमा प्राविधिक सहयोगको जिम्मा काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट (केभिपिटी) ले लिनाका साथै नेपाल सरकार राष्ट्रिय पुन: निर्माण प्राधिकरण, मंगल टोल सुधार समिति, ललितपुरका जातीय समाज पुरातत्व विभागलगायत विभिन्न संघसंस्थासमेत लागिपरेका छन् ।

पाँच पाण्डवका माइला भाइ भीमसेनको दर्शन र पूजापाठ गर्नाले व्यापारमा फलिफाप हुने विश्वास आम व्यवसायीहरूको छ । विश्व सम्पदा सूचीमा सूचीकृत ललितपुर महानगरपालिका-१६ मा उक्त मन्दिर अवस्थित छ । पाटनमा भीमसेन मन्दिरका अलवा मल्लकालीन समयमा एकतले गुम्बज शैलीमा निर्माण भएको मणि केवशनारायण, प्रस्तरबाट निर्मित २१ गजुरले सुशोभित कृष्ण, नेपाली छाने शैलीमा निर्माण भएको हरिशंकर, चारनारायण, विश्वनाथ, शिखर एवं गन्धकूट शैलीमा निर्माण भएको ज्वाला नरसिंह मन्दिर समेत रहेका छन् ।

पाटनका प्रसिद्ध अन्य धरोहरमा पाटन दरबार संग्रहालय, अशोक स्तम्भ, हिरण्यवर्ण महाविहार, देगुतलेजु, रातो मच्छिन्द्रनाथ, कुम्भेश्वर, मंगलहिटी आदि रहेका छन् । पाटनमा हरेक वर्ष भाद्र कृष्ण नवमीका दिन भीमसेनको खटजात्रा गरिने चलन रहेको मंगल टोल सुधार संघका अध्यक्ष किरणमान प्रधानले जानकारी दिए । उनले भने, "ललितपुरमा रातो मच्छिन्द्रनाथको जात्रापछि भीमसेनको खटजात्रालाई दोस्रो ठूलो पर्वका रूपमा मनाइने गरिन्छ ।"

# नेपालमा एचआइभी/एड्सको संक्रमण दर घट्दो

काठमाडौँ (रासस)/ नेपालमा एचआइभी एड्स संक्रमण दर घटेको एक अध्ययनले देखाएको छ । विगत १० वर्षको तथ्यांक हेर्दा संक्रमण दर घटेको अध्ययनले देखाएको हो ।




राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा मंगलबार आयोजित 'नेपालमा एचआइभी र एड्सको अवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा १० वर्षको अन्तरमा संक्रमण दर ६३ प्रतिशतले घटेको केन्द्रका निर्देशक डा सुधा देवकोटाले जानकारी दिए । 'असमानता हटाऔँ एड्स अन्त्य गरौँ' भन्ने मूल नारका साथ ३४ औँ विश्व एड्स दिवस भोलि मनाइँदै छ ।

यस्तै सन् २०१० मा २१५ जना बालबालिकामा संक्रमण रहेकामा सन् २०२० मा पुग्दा ८० बालबालिमामा मात्र रहेको पाइएको छ । यस्तै सन् २०१० मा एड्सका कारणले एक हजार ४१३ जना मानिसको निधन हुने गरेकोमा त्यो संख्या सन् २०२० मा पुग्दा ६३६ जनामा झरेको छ । उनले सरकारले एचआइभी र एड्स नियन्त्रणमा चालेका उपायले संक्रमण दर घटेको बताए । उनका अनुसार सन् २०१० मा दुई हजार ६१ जना नयाँ संक्रमित पाइएकोमा सन् २०२० मा ७५४ जना मात्र पाइएको छ । नियमित उपचार, हेरचाह तथा सहयोग कार्यक्रमले एचआइभीमा संक्रमणमा नियन्त्रण भइरहेको छ ।

सरकारले एचआइभी संक्रमण रोकथामका लागि कण्डम प्रयोग प्रवर्द्धन, एचआइभी परामर्श र परीक्षण, यौन रोगको निदान र उपचार, एन्टी-रेट्रोभाइरल (एआरभी) सेवा प्रदान गरिँदै आइरहेको छ । नेपालमा अहिले एचआइभी संक्रमितलाई ६१ जिल्लामा ८३ वटा एआरभी सेवा प्रदान गरिँदै आइरहेको छ । अहिले २० हजार ८८३ जनाले नियमित एआरभी सेवा औषधि सेवन गर्ने उनले बताए । यो संख्या कूल संक्रमितको ६९ प्रतिशत हो । राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनिल शर्माले सन् २०२० को अन्त्यसम्म नेपालमा करिब ३० लाख ३०० संक्रमित रहेको जानकारी दिए ।

उनका अनुसार संक्रमित मध्ये ०.१३ प्रतिशत व्यस्कमा संक्रमण रहेको छ । नेपालमा एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआइभी संक्रमण दर ५ प्रतिशत भन्दाबढी र सामान्य जनसंख्यामा एचआइभी संक्रमण दर एक प्रतिशत भन्दा कम रहेको छ ।

यस्तै सुईद्वारा लागुऔषध प्रयोग गर्नेमा तीन प्रतिशतका दरले संक्रमण रहेको पाइएको छ । यस्तै महिला यौनकर्मीमा २.२ प्रतिशत, पुरुष समलिङ्गीमा ६.२ प्रतिशत, भारतमा कामदार नेपालीमा पश्चिममा ०.३ प्रतिशत र सुदूरपश्चिममा ०.६ प्रतिशत संक्रमण पाइएको छ । सरकारले २०३० सम्ममा नेपालमा एचआइभी तथा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्य राखेको छ ।

# निर्वाचन परिणाम स्वीकार्छु : नेता रावल

भरतपुर (रासस)/ नेकपा (एमाले)को अध्यक्षमा उम्मेदवारी दिएका नेता डा. भीम रावलले निर्वाचन परिणाम स्वीकार्ने बताएका छन् । चितवनमा जारी एमालेको दशौँ महाधिवेशनमा मंगलबार बिहान मतदान गरेपछि रावलले निर्वाचन परिणाम स्वीकार्ने बताएको हो ।

निर्वाचन परिणाम जे आए पनि स्वीकार्ने तर केन्द्रीय सदस्य भने नबस्ने नेता रावलको भनाइ थियो । रावल एमाले अध्यक्ष केपी शर्मा ओलीसँग अध्यक्ष पदका लागि प्रतिस्पर्धामा छन् । प्रतिस्पर्धामा पराजित भए आफू केन्द्रीय समितिमा नरहने उनले घोषणा गरेका छन् । अध्यक्ष ओलीले सोमबार मध्यराति सर्वसम्मतिका लागि भन्दै सार्वजनिक गरेको ३०१ जनाको सूचीमा रावलको नाम केन्द्रीय सदस्यमा राखिएको थियो । उनले विद्युतीय भोटिङ मेसिनमा आफ्नो नाम रहेको भन्दै त्यसमा आफ्नो उम्मेदवारी नरहेको प्रष्ट पारे ।

एमाले पदाधिकारीका उम्मेदवारलाई स्वत: केन्द्रीय कमिटीको उम्मेदवारका रूपमा राखिएको छ । रावलले आफूले अध्यक्ष पदका लागि मात्र फारम भरेको स्पष्ट पारे ।

# "नेपाली राजनीति : राष्ट्रप्रेम, विचार र आदर्श" पुस्तक सार्वजनिक

काठमाडौँ (रासस)/ नेपाली काँग्रेस नेता लोकेश ढकालद्वारा लिखित 'नेपाली राजनीति : राष्ट्रप्रेम, विचार र आदर्श' पुस्तक सार्वजनिक भएको छ ।

नेपाली काँग्रेसको आसन्न १४ औँ महाधिवेशन अन्तर्गत विभिन्न तहको नेतृत्व छनोट प्रक्रियामा युवाको सहभागिता बढेका बेला राजनीतिमा आउन चाहने युवाका लागि सो पुस्तक उपयोगी रहेको छ । मंगलबार आयोजित कार्यक्रममा काँग्रेस नेता प्रकाशमान सिंहले पुस्तक विमोचन गर्दै राजनीतिमा प्रवेश गर्ने व्यक्तिलाई सतर्क बन्ने विषय पनि पुस्तकको अर्को संस्करणमा राख्न सुझाव दिए ।

"विसं २०१७ देखि २०४६ सम्म मूल्य, मान्यतामा आधारित राजनीति थियो, २०४६ सालपछि सत्ता केन्द्रित राजनीति शुरु भएकाले समस्या आएको छ, राजनीतिमा देखिएका यस्ता विकृति हटाउन राजनीतिक दल संस्थागत रूपमा विधिसम्मत तरिकाले चल्नुपर्छ"-उनले भने । शक्तिमा गएपछि राज्यका स्रोत दोहन गरेर आफू शक्तिशाली बन्ने प्रतिष्पर्धाले राजनीतिमा विकृति मौलाएको सुनाउनुहुँदै नेता सिंहले यस्ता कुरा सुधारका लागि लेखनमार्फत् जागरण फैल्याउन लेखक ढकाललाई सुझाव दिए ।

पूर्व मन्त्री एवं काँग्रेस नेता लक्ष्मणप्रसाद घिमिरेले काँग्रेस कम्युनिष्टभन्दा यी विषयमा फरक छ भनेर जनतामा जाने अवस्था नहुँदा सबै दल उस्तै हुन् कि भन्ने देखिएको बताए । "राजनीतिक अस्थिरताको मूल कारण वर्तमान संविधान हो, संविधानको प्रस्तावनामा उल्लेखित समाजवाद भन्ने शब्दलगायत २०० भन्दा बढी विरोधाभाष छन्, संविधान बनाउनुअघि जनतामा गएर सुझाव लिइयो तर ती सुझावलाई फुकाइएन, गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताका विषयमा जेजस्ता सुझाव जति आएपनि कायम गरेर जाने सहमति नेताहरूले गर्दा अहिलेको समस्या भएको छ, यो १२ बुँदेपछिको दुर्गति हो"-उनले भने ।

संविधानसभामा ६०१ जना सभासद् भएपनि प्रमुख दलका तीनजना नेताले बसेर संविधान लेखेको सुनाउँदै सभामा काँग्रेसको प्रमुख सचेतकसमेत रहीसकेका नेता घिमिरेले यसको समीक्षा गर्ने बेला भएको बताए । वरिष्ठ पत्रकार युवराज घिमिरेले विगतमा काँग्रेसले लिएका नीतिका बारेमा आउँदो महाधिवेशनमा समीक्षा गर्ने बेला आएको बताए । केही वर्षपछि देशका लागि राजनीति गर्छु भन्ने तर पैसा नहुनेहरू नेपाली काग्रँसको राजनीतिबाट विस्थापित हुने समय आएकाले छिटो समीक्षा गरेर सुधिन उनले सुझाव दिए ।

वरिष्ठ अधिवक्ता डा विपिन अधिकारीले संघीयता, धर्म निरपेक्षताजस्ता विषयमा परिमार्जनपछि मात्र काँग्रेसलाई पुरानै धर्तीमा फर्काउन सकिने विषय लेखक ढकालले पुस्तकमा उल्लेख गरेका सुनाए । बाह्य धर्मलाई नेपालमा स्थापित गराउनकै लागि संवैधानिक रुपमै नेपाललाई धर्म निरपेक्षता घोषणा गरिएको जस्ता विषय पनि पुस्तकमा पृष्ठभूमिसहित समावेश गरिएको उनको भनाई थियो ।

पुस्तकका लेखक ढकालले काँग्रेस बिपी कोइराला, गणेशमान सिंह, सुवर्णसम्शेर जबरा, कृष्णप्रसाद भट्टराईजस्ता संस्थापक नेताको विचारबाट विमुख हुँदै गएकाले १४ औँ महाधिवेशनको पूर्व सन्ध्यामा बहस होस् भन्ने उद्देश्यले पुस्तक लेखिएको जानकारी दिए । १३९ पृष्ठको पुस्तकमा राजनीतिक विषयलाई सरल भाषामा उल्लेख गरिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रधानन्यायाधीश जबरा अस्पताल भर्ना



काठमाडौँ (रासस)/ प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालाई कोरोना संक्रमण भएपछि अस्पताल भर्ना गरिएको छ । राणालाई कोरोना संक्रमणका साथै नियोनिया समेत भएकाले सोमबार साँझ बलम्बुस्थित सशस्त्र प्रहरी (एपीएफ) अस्पताल भर्ना गरिएको हो ।

सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालका अनुसार प्रधानन्यायाधिश राणा केही दिनदेखि बालुवाटारस्थित सरकारी निवासमा बसेको थियो । उनलाई निमोनियासँगै छातीमा संक्रमण देखिएको छ ।

**हार्दिक बधाई**



यहि मिति २०७८/०८/१३ गते वैवाहिक जीवनमा प्रवेश गर्नु भएका यस विद्यालयका शिक्षक **श्री विनोद अधिकारी ज्यूलाई** हार्दिक बधाई ज्ञापन गर्दै सुखद दाम्पत्य जीवनको सुभेच्छा व्यक्त गर्दछौं ।

**हेटौंडा एकेडेमी, परिवार**
हेटौंडा-११, नवलपुर

## लागूऔषधसहित एक जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा/अबैध लागूऔषध ट्याबलेटहरु सहित १ जनालाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१४ कालापानी बस्ने २६ वर्षिय रबीन तामाङलाई पक्राउ गरेको हो ।

कालापानीमा उनलाई चेकजाँच गर्दा लुकाइछिपाई ल्याएको लागूऔषध नाइट्रोभेट ४९ ट्याब्लेट, ट्रामा ३६० क्यापसुल, स्टेगन ३५ ट्याबलेट, स्पासपेन ६ ट्याब्लेट र निजको साथमा रहेको रकम ४६ हजार २५० रुपैयाँसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक जयश्वर रिमालले बताए ।

## १७ मंसिरबाट मतदाता नामावली संकलन गरिँदै




साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश निर्वाचन आयोग कार्यालयले शुक्रबार बाट मकवानपुरका सबै स्थानीय तहका मतदाताको नामावली संकलन गर्ने भएको छ । कार्यालयले दुई चरणमा नामावली संकलन गर्ने जनाएको छ ।

१७ मंसिर शुक्रबारदेखि पुस २ गतेसम्म पहिलो चरणमा र पुस ५ गतेदेखि १९ गतेसम्म दोस्रो चरणमा मतदाता नामावली संकलन गरिने कार्यालयको कार्यतालिका छ ।

पहिलो चरणमा मकवानपुर गढी, भीमफेदी, इन्द्रसरोवर, मनहरी र बकैया गाउँपालिकामा नामावली संकलन गरिनेछ । यस्तै, दोस्रो चरणमा पुस ५ गतेदेखि पुस १९ गतेसम्म बागमती, राक्सिराङ, कैलाश गाउँपालिका, थाहा नगरपालिकामा मतदाता नामावली संकलन गरिने जनाइएको छ ।

मतदाता नामावली संकलन गर्दा १६ वर्ष पूरा भइ उक्त व्यक्तिले नेपाली नागरिकता प्राप्त गरेको हुनुपर्ने जनाएको छ । यद्यपी मतदान गर्नका लागि भने १८ वर्ष पूरा भएको हुनुपर्ने प्रावधान छ । शुक्रबारबाट हुने नामावली संकलन कार्यमा हालसम्म नाम दर्ता नभएकाहरुका लागि मात्र नामावली संकलनको कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

कार्यालयका अनुसार जिल्लामा २०७८ कात्तिकसम्म २ लाख ८० हजार १ सय ८१ जना मतदाता रहेका छन् जसमा १ लाख ४२ हजार ७ सय ३ जना पुरुष, १ लाख ३७ हजार ४ सय ७२ जना महिला र ६ जना तेस्रो लिङ्गी रहेका छन् ।

## सवारी दुर्घटनामा २१ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा/पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मकवानपुरको मनहरी-६ कल्लेखोलामा दुईवटा यात्रुबाहक बस ठोक्किँदा २१ जना यात्रु घाइते भएका छन् भने, घाइते मध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ ।

सोमबार साँझ बीरगंजबाट चितवनतर्फ जाँदै गरेको ना ५ ख ७६२३ नम्बरको यात्रुबाहक बसलाई सोही दिशाबाट आउँदै गरेको ना ५ ख ८९३९ नम्बरको यात्रु बाहक बसले ठक्कर दिइ दुर्घटनाग्रस्त हुँदा २१ यात्रु घाइते भएका हुन् ।

प्रहरीका अनुसार घाइतेमध्ये चितवन राप्ती-४ की २१ बर्षिय सम्झना तामाङ र सर्लाही हजरा बिगाह-१ बस्ने १९ बर्षिय कमलकुमार थिङ गम्भीर घाइते भएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले बताए ।

दुबै घाइतेको चितवन स्थित अस्पतालमा उपचार भइरहेको छ । बस र चालकहरु प्रहरी नियन्त्रणमा छन् । दसैं तिहार अघिदेखि मकवानपुर क्षेत्रमा सवारी दुर्घटना बढ्दो छ । दसैंपछिका दुर्घटनामा मात्र सय बढी घाइते र दर्जन बढीको मृत्यु भइसकेको जिल्ला प्रहरीको तथ्यांकमा उल्लेख छ । बढीरहेको दुर्घटनाका श्रृखला न्यूनीकरणमा जोड दिन जरुरी छ ।

## मकवानपुरका चार जना केन्द्रीय सदस्य

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एमालेको १० महाधिवेशनबाट मकवानपुरका चार जना केन्द्रीय सदस्यमा चयन भएका छन् ।

मकवानपुरका चार जना महाधिवेशन अन्तर्गत बन्दसत्रमा अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक गरेको टिममा समावेश भएका हुन् ।


मकवानपुरबाट केन्द्रिय कमिटीमा चयन हुनेहरुमा केन्द्रीय सदस्य तथा मकवानपुर एमाले इन्चार्ज रामेश्वर राना, बागमती प्रदेशसभा सदस्य जुनेली श्रेष्ठ, प्रतिनिधिसभा सदस्य तथा संघीय अर्थ समिति सभापति कृष्णप्रसाद दाहाल र भारती पाठक छन् ।

दाहाल खुला, राना बागमती प्रदेशको भुगोल, श्रेष्ठ जनजाती महिला र पाठक खुला महिलातर्फबाट केन्द्रीय सदस्य चयन भएका हुन् ।

## क्याम्पसलाई टंकी सहयोग

हेटौंडा/हेटौंडा-४ मा रहेको हेटौंडा क्याम्पसलाई युरो गार्ड र पानी टंकी सहयोग गरिएको छ । क्याम्पसका संस्थापक अध्यक्ष स्वर्गीय श्रीचन्द्र शर्माको सम्झनामा उनका छोरा दिनु पौडेलले क्याम्पसलाई शुद्ध पानी पिउनका लागि युरो गार्ड र खानेपानी टंकी सहयोग गरेका हुन् ।

पौडेलले उक्त सामाग्री मंगलबार बिहान हेटौंडा-४ का वडाध्यक्ष नविन सिग्देलको आतिथ्यतामा हेटौंडा क्याम्पसका सहायक प्रमुख देवीराम लामालाई हस्तान्तरण गरेका छन ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**व्यक्तिगत घटना दर्ता**




**मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
मक्रान्चुली, मकवानपुरगढी

## श्री राजदेवी माध्यमिक विद्यालय

बागमती प्रदेश हे.उ.म.न.पा.-१७, गुवाबारी, राजदेवी, मकवानपुर

### शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मिति:- २०७८/०८/१४)*

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिका मकवानपुरको च.नं ३३०१ मिति २०७८/०८/०८ को प्राप्त पदपूर्ति अनुमतिपत्र तथा विद्यालय व्यवस्थापन समितिको २०७८/०८/१४ को निर्णयअनुसार यस विद्यालयलाई प्राप्त शिक्षण सिकाई अनुदान रकमबाट तपशिल बमोजिमको माध्यमिक तह विज्ञान शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरु बाट १५ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

तपशिल :-

विज्ञापन नं : ०१/२०७८
पद : मा.वि. विज्ञान (शिक्षण अनुदान कोटा)
संख्या : १ (एक)
नियुक्ति किसिम : अनुदान करार
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
तलब : नेपाल सरकारले तोके बमोजिम अनुदान रकम
आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा स्नातक तह उत्तीर्ण

आवश्यक कागजात :
१) निवेदन (हस्तलिखित)
२) नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति-१
३) मा.वि.तहको स्थायी अध्यापन अनुमतिपत्रको छायाँप्रति-१
४) शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति-१
५) बायोडाटा एक प्रति/अनुभव केही भए सो समेतको छायाँप्रति-१

परीक्षा दस्तुर : रु.१५००/- (एकहजार पाँचसय मात्र)
दरखास्त दिने अन्तिम मिति : २०७८/०८/२८ गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०७८/०८/२९ गते
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने ।

*थप जानकारीको लागि सम्पर्क नम्बर :*
**९८५४१०४९८३ (प्र.अ), ९८४५१२२५२५ (अध्यक्ष वि.व्य.स.)**

## श्री मालपोत कार्यालय मकवानपुरबाट

मिति: २०७८/०८/१४ मा जारी भएको नामसारीको

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**निवेदक-** लाल माया मुक्तान (पत्नी) **ज.ध-** मंगल सिंग मुक्तान (पती)

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ५ को कि.नं.७९९ को क्षेत्रफल ज.वि.०-१६-३ को जग्गाधनी तथा आफ्नो पती मंगल सिंग मुक्तानको मिति २०६५/०३/०२ मा मृत्यु भएको, निजको दुई पत्नी भएकोमा जेठी पत्नी निवेदिका भएको र कान्छी पत्नी माईली माया मुक्तान भएकोमा निज माईली माया कुनै सन्तानको जायजन्म नहुँदै मिति २०५५ सालमा दोश्रो विवाह गरी गएकोले उल्लेखित जग्गाको हालको हकदार म निवेदिका लाल माया मुक्तान मात्र भएको हुँदा उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी मकवानपुरगढी गाउँपालिका २ नम्बर वडा कार्यालयको च.नं.५७८ मिति २०७८/०८/०१ को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित र सक्कल पुर्जा संलग्न राखी कार्यलयमा द.नं.५४७९ मिति २०७८/०८/०५ मा निवेदिका लाल माया मुक्तानले मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको मृत्यु भएको र निजको कान्छी पत्नी माईली माया मुक्तानको तर्फबाट जाय जन्म नहुँदै दोश्रो विवाह गरी अन्तै गएको देखिन आएकोले जग्गाधनीको कान्छी पत्नीको बारेमा, हकदारहरु, पालन पोषण/सदगद सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भएपछी पेश गर्नु भनी भएको आदेश बमोजिम यो (३५) पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**अत:** निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको कान्छी पत्नी दोश्रो विवाह गरि अन्तै गएको नभए वा निवेदकको मागदावि बमोजिम निवेदकको नाममा नामसारी गर्दा अरु कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले (३५) पैंतीस दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन।

ईति संवत २०७८ साल मंसिर महिनाको १४ गते रोज ०३ शुभम..

प्रदेश सरकार
भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

### पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सम्बन्धी प्रस्ताब आह्वानको सूचना

*(दोस्रो पटक प्रकाशित मिति: २०७८/०८/१५)*

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार संस्थाबाट प्रस्ताव माग गर्न साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८/०७/१४ गते प्रथम पटक सूचना प्रकाशन गरीएकोमा प्रयाप्त आवेदन नपरेकोले पुन: यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले पन्ध्र (१५) दिनभित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसूची ४ बमोजिम आवेदनपत्र र अनुसूची ५ बमोजिम कार्ययोजनाका साथ आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

*तपशिल :-*

| क्र.स. | क्रियाकलाप/कार्यक्रम | इकाई | परिमाण | अनुदान रकम | कार्य क्षेत्र | अनुदानको किसिम | साझेदार संस्था | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|---|---|---|---|
| १। | बाखा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५ लाख | राक्सीराङ्ग गा.पा.-३ | बढीमा १५ लाख वा लागत को ५० प्रतिशत नबढ्ने गरी | समूह/समिति/सहकारी/निजि उद्यमी | निजी आवेदकको हकमा ५० र समूह/सहकारीको हकमा प्रति सदस्य ५ वटा माउ बाखा हुनु पर्ने |
| २। | कबुलियती वन तथा पशु विकास कार्यक्रम | पटक | १ | १० लाख | मकवानपुर जिल्ला भरी | प्रति ईकाई बढीमा १ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समूह/समिति/सहकारी/निजि उद्यमी | प्रति समूहबाट १० जना कृषक सदस्य लाभान्वित हुने गरी प्रस्ताव पेश गरिनु पर्ने |
| ३। | क्षेत्रफलको आधारमा घाँस उत्पादन मा प्रोत्साहन कार्यक्रम | हेक्टर | २० | ५ लाख | मकवानपुर जिल्ला भरी | प्रति हेक्टर बढीमा २५ हजार वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समूह/समिति/सहकारी/निजि उद्यमी | व्यवसायिक रुपमा पशुपालन गरिरहेको हुनु पर्ने |
| ४। | बाखा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १० लाख | थाहा न.पा.-७ चौवास | प्रति ईकाई बढीमा १० लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समूह/समिति/सहकारी/निजि उद्यमी | निजी आवेदकको हकमा ५० र समूह/सहकारीको हकमा प्रति सदस्य ५ वटा माउ बाखा हुनु पर्ने |

*आवेदनपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु :-*

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
२. कृषक समूह/सहकारी/निजी उद्यमि दर्ता र स्थायी लेखा नं. को प्रतिलिपी
३. गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा अन्य कुनै प्रमाणित कागज
४. कृषक समूह/समिति/सहकारी/साझेदारीको हकमा बैठक निर्णय प्रतिलिपी
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौतापत्र
६. सम्बन्धित स्थानीय तहको सिफारिस
७. अनुसुची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा
८. समूह/सहकारीले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र
९. आवेदकले विगतका बर्षमा सोही प्रकृतिको कार्यक्रममा २ लाख भन्दा बढी अनुदान नलिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकम सदुपयोग गरेको स्व-घोषणा पत्र
१०. कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको स्व-घोषणा पत्र
११. वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि स्व-घोषणा पत्र

*नोट:* कार्यक्रम सम्बन्धि विस्तृत विवरण यस कार्यालयको सूचना पाटि वा कार्यालयको वेबसाइट vhalecmak.bagamati.gov.np मा हेर्न सकिनेछ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Jumbo Moters Pvt.Ltd** कम्पनीले **China** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (**MRP**) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Electric Rickshaw/Tricycle | 1000 watt | OPAI | FT3 | 60 volt | China | PCS | 2,10,000.00 | |

बिक्रता फर्मको नाम : **Jumbo Moters Pvt.Ltd**
ठेगाना : **Hetauda-16, Makawanpur**
PAN.No:- 609821802
Mobile.No:- 9855068577

**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**

*"तपाई, हामी सबैको कुरा"*

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



**व्यक्तिगत घटना दर्ता**




**भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल